अनुसूचि-२

(विनियोजन ऐन, २०७६, दफा ४ (२) सँग सम्बन्धित)

बार्षिक बजेट तथा कार्यक्रम

# आर्थिक वर्ष २०७६/०७७ को
# बार्षिक बजेट तथा कार्यक्रम

तुलसीपुर उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ्ग

५ नं. प्रदेश, नेपाल

२०७६

# नगर प्रमुखको सन्देश

विर सहिदहरुको वलिदान र जनताको आन्दोलनको उभारले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भएको छ । मुलुक अहिले सबैखाले अस्थिरताबाट उन्मुक्ति पाएर विकास र समृद्धिको यात्रामा लम्किरहेको छ । घरघरमा सिंहदरवार आउने क्रम जारी छ । तसर्थ विगतमा भन्दा वर्तमानमा जनताले विकासमा अपनत्वको महसुस गरिरहेका छन् । तुलसीपुर उपमहानगरपालिकालाई मुलुककै समृद्ध नगरका रुपमा अगाडि वढाउने प्रतिवद्धताका साथ हामी आफ्नो लक्ष्यमा निरन्तर प्रयत्नरत छौं । सुखी जनता समृद्ध तुलसीपुरको महान अभियानलाई सार्थकता दिनका लागि विगत दुई आर्थिक वर्षमा हामीले केही उल्लेखनीय कार्य गरिसकेका छौ । जनताका तत्कालिन आवश्यकताको परिपूर्ति गर्दै समृद्ध नगरको रणनीतिक योजना निर्माण गरेर हामीले सोही अनुसार दीर्घकालिन प्रभाव पार्ने कामलाई निरन्तरता दिएका छौ । तुलसीपुरले एकातिर आधुनिक सहरको स्वरुप खोजिरहेको छ भने अर्कातिर ग्रामिण क्षेत्रमा अझै पनि एक गाग्री पानीका लागि घण्टौ उकालो ओरालो गर्नुपर्ने बाध्यता भोगिरहेको छ । यी दुईटै कुरालाई एकैपटक सम्वोधन गर्नुपर्नेछ ।

तुलसीपुर उदाउँदो सहरका रुपमा विकसित हुँदै गएको छ । जनतामा रहेको विकासको तिव्र आकांक्षालाई छोटो समयमा सम्बोधन गर्नुपर्ने हाम्रो दायित्व रहेको छ । हामीले सञ्चालन गरेका केयौ योजनाहरु दीर्घकालिन रुपमा प्रभाव पार्ने खालका भएका हुनाले तत्कालका लागि खासै केही नभएको जस्तो पनि हुन सक्छ तर समयको अन्तरालसँगै हामीले गरेका कामहरुले विस्तारै आकार लिँदै जाने हामीले विश्वास गरेका छौं । तुलसीपुरलाई प्राविधिक शिक्षाको केन्द्रका रुपमा स्थापित गर्नका लागि हामीले प्राविधिक विषय अध्यापन गराउने विभिन्न सामुदायिक विद्यालयहरुलाई १० लाख रुपैयाँ अनुदान दिएर काम गरिरहेका छौ । यसका साथै तुलसीपुर पोलिटेक्निकल इष्टिच्युटको स्थापनालाई यो वर्ष मूर्तता दिएका छौं । यो संगै स्वास्थ्य, वातव तुलसीपुर आधुनिक वसपार्क, तरकारी तथा फलफुल वजार, अटो भिलेज जस्ता केयौ कार्यक्रमहरु सम्पन्न गरिसकेका छौ । वर्षौंदेखि वन्द रहेको तुलसीपुर टरिगाउँ स्थित दाङ विमानस्थल सञ्चालनमा ल्याएर दैनिक हवाई सेवा सञ्चालन भइरहेको छ । स्वास्थ्य सेवामा सबै जनताको पहुँच स्थापना गर्न सबै वडामा स्वास्थ्य सेवा सञ्चालनमा ल्याएका छौ । सडक विस्तार तथा सुधार, खानेपानी आयोजना, व्यावसायिक कृषि तथा पशुपालन, सिँचाई सुविधा विस्तार तथा सुधारमा विशेष योजना बनाई कार्य गरिरहेका छौं । विकासमा जनताको सहभागिता र अपनत्व वृद्धि हुनु दियो विकासका लागि महत्वपूर्ण आधार हो । यो आर्थिक वर्षलाई हामीले सडक वर्षका रुपमा मनाउनका लागि तुलसीपुर पूर्वाधार विकास प्राधिरकण गठन गरेर अगाडि वढ्ने नीति अख्तियार गरेका छौ । तुलसीपुरको छिटो विकास होस् भन्ने ध्येयलाई मूर्तता दिनका लागि हामी आफैले नै सडक निर्माण गर्ने लक्ष्यका साथमा यो परियोजना अगाडि वढाएका छौं । यो वर्ष उपमहानगरपालिका भित्र ६० किलोमिटर सडक कालोपत्रे गर्ने हाम्रो योजना रहेको छ । यसका साथै छोरीहरुलाई सक्षम छोरी वनाउन र उनीहरुप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनका लागि छोरी जन्मने वित्तिकै उनीहरुको खातामा मासिक १ सयका दरले २० वर्ष नपुग्दा सम्म नगद जम्मा गर्ने अभियानलाई प्राथमिकता दिएका छौ । यस्ता अन्य कार्यक्रमहरु पनि हाम्रा प्राथमिकतामा छन् ।

पहिलो वर्ष हाम्रा लागि अनुभवको वर्ष, दोस्रो वर्ष कानुन निर्माण र यस वर्षलाई कामको अवसरको वर्षका रुपमा लिएका छौ । अघिल्ला वर्षहरुमा भन्दा यो वर्ष हामी जनअपेक्षा अनुरुप कार्य गर्न पूर्ण प्रतिवद्ध छौ । जनताको साथ र जनताको खवरदारी नै हाम्रो हौसलाको स्रोत वन्नेछ । वार्षिक नीति, कार्यक्रम र बजेट निर्माणमा सहयोग पुर्‍याउने सबै जनप्रतिनिधि, कर्मचारी, राजनीतिक दल, विज्ञ, सञ्चार जगत, माननिय सांसदज्यू लगायत उद्योगी, व्यवसायी, समाजसेवी र दाजुभाई दिदीबहिनीमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

घनश्याम पाण्डे
नगरप्रमुख

# उप-प्रमुखको सन्देश

जनताको आन्दोलन, विकास र समृद्धिप्रतिको चाहनाले मुलुक यतिवेला संघीय गणतन्त्रमा प्रवेश गरेको छ। जनताले घर आँगनमै सरकार आउनुको अनुभुति गरेका छन्। स्थानीय तहको नेतृत्व गरेको पनि दुई वर्ष पुरा भएको छ। कानुन निर्माणको क्रम, जनशक्ति व्यवस्थापनको जटिलता, सिमित स्रोत र जनताको तिव्र आकांक्षाका विचमा हामीले काम गरिरहेका छौ। आजभन्दा पनि भोलिका लागि प्रभाव पर्ने खालका कार्यक्रम निर्माणमा हामीले ध्यान दिएका छौ। विगतका दुई वर्षमा हामीले जनताका विचमा केही प्रभाव पर्ने खालका कामहरु गर्‍यौ। पूर्वाधार विकास मात्रै नभएर सामाजिक विकासमा पनि हामीले विशेष कार्यक्रहरु वनाउने काम गर्‍यौ। यसविचमा महिला विकास र न्यायिक समितिको प्रभावकारीताका वारेमा पनि हामीले विभिन्न चरणका कामहरु गरेका छौ।

आज हामीले सुरु गरेको सुत्केरी प्रोत्साहन भत्ता कार्यक्रमले भोलिका दिनहरुमा वच्चा जन्माउन नसकेर कुनै पनि आमाले अकालकै ज्यान गुमाउनुपर्ने परिस्थितिको सृजना हुने छैन भने नवजात शिशुले समेत आफ्नो स्वास्थ्यको जोखिम मोल्नुपर्ने परिस्थितिबाट मुक्ति पाउने छन्। समय क्रमसँगै यस्ता विभिन्न सुधारका कामहरु देखिदै जाने हाम्रो विश्वास हो। तुलसीपुरलाई समृद्ध नगर वनाउने हाम्रो यात्रा निरन्तर रहनेछ। उपमहानगरपालिका स्थानीय सरकारका रुपमा रुपान्तरित भएपछि अहिले न्याय निरुपणको काम समेत हामीले गर्नुपर्ने भएको छ। यसलाई निरन्तर रुपमा हामीले अगाडि वढाएका छौं। जनताको सोच अनुसारको काम गर्नमा पक्कै पनि हामीलाई अझै केही समय लाग्नेछ।

सुशासन, पारदर्शिता, जिम्मेवारीवोधलाई मुलमन्त्र मानेर हामीले काम गरिरहेका छौ। यस आर्थिक वर्षमा पनि विगतमा जस्तै केही नमुना योग्य कामहरुलाई निरन्तरता दिने सोचका साथमा हामीले वजेट निर्माण गरेका छौ। जनतालाई घर आँगनमै सरकार आएको अनुभुति कसरी दिलाउन सकिन्छ भन्ने वारेमा हाम्रो नीति तथा कार्यक्रम र योजनाहरु केन्द्रीत रहेका छन्। हामीलाई निरन्तर काममा खवरदारी गर्ने अनि वजेट निर्माणमा सहयोगी भुमिका खेल्ने सबै महानुभावहरुलाई धन्यवाद दिन चाहन्छु।

...........

माया शर्मा

प्रमुख

# प्रमुख प्रशासकिय अधिकृतको सन्देश

आर्थिक वर्ष २०७६/०७७ का लागि तुलसीपुर उपमहानगरपालिकाको पाँचौ नगरसभाबाट पारित नीति अर्न्तगत बार्षिक बजेट तथा कार्यक्रममा तुलसीपुर उपमहानगरपालिका नगर सभाबाट स्वीकृत योजनाहरु समावेश भएका छन् । विकास, समृद्धि र समुन्नतीका लागि सफल योजना नै सफलताको पहिलो सार्थक प्रयास हो । तुलुसीपुर उपमहानगरपालिकाको विनियोजन ऐन (विधेयक) २०७६ को अनुसूची २ अर्न्तगत प्रकाशित यस वार्षिक बजेट तथा कार्यक्रम किताबले योजना कार्यान्वयनको लागि सहि मार्गदर्शन गर्ने अपेक्षा गरिएको छ । हामीले वित्तीय अनुशासन भित्र रहनको लागि यो वार्षिक बजेट तथा कार्यक्रम किताव अनुसार कार्यान्वयन गर्न सबै पक्षबाट सहयोग, सहकार्य र समन्वय र हने विश्वास ब्यक्त गर्दछु ।

तुलसीपुर उपमहानगरपालिकाको विकासमा सरोकार राख्ने सबैलाई विकास कार्यक्रमको बारेमा निगरानी गर्न र उत्तरदायीत्व तथा पार दर्शिता प्रवर्द्धनमा यो कितावबाट योगदान पुग्ने अपेक्षा राखेको छु । यस वार्षिक बजेट तथा कार्यक्रम किताव तयार गर्न प्रत्यक्ष रुपमा संलग्न आर्थिक प्रशासन शाखा, योजना तथा बजेट शाखा र योजना तथा बजेट तर्जुमा समिति तथा वडा समिति, वडा कार्यालय कर्मचारीहरु, विषयगत समिति तथा बजेट पारित गर्ने पाँचौ नगर सभा एवं कार्यान्वयन गर्ने नगरकार्यपालिका, कार्यालयका कर्मचारीहरु साथै कार्यक्रम कार्यान्वयनमा संलग्न सबै पक्षको सहयोगबाट बजेट तथा कार्यक्रम सफल कार्यान्वयन भई खुशी समृद्ध तुलसीपुर, हाम्रो तुलसीपुर राम्रो तुलसीपुरको लक्ष्य हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छु ।

..........................................

आनन्द सारु

प्रमुख प्रशासकिय अधिकृत

तुलसीपुर उपमहानगरपालिका,

तुलसीपुर दाङ्ग

# भुमिका

आर्थिक वर्ष २०७६/०७७ का लागि तुलसीपुर उपमहानगरपालिकाको पाँचौ नगरसभा बाट बजेट तथा कार्यक्रम पुस्तिका स्थानीय सञ्चीत कोष व्यवस्थापन प्रणाली (SUTRA) मा प्रविष्ट भएका आयोजना तथा कार्यक्रमको एकिकृत सङ्ग्रह हो । संघिय सरकार र प्रदेश सरकार बाट सशर्त अनुदान स्वरुप प्राप्त भएको बजेट बाट समानीकरण अनुदान संघिय सरकार, समानीकरण अनुदान प्रदेश सरकार, राजश्व बाडफाँड संघिय सरकार, राजश्व वाडफाँड प्रदेश सरकार, विशेष अनुदान, सम्पूरक अनुदान प्रदेश सरकार, तराई मधेश सवृद्धि कार्यक्रम, नगर विकास कोष र आन्तिरिक कोष का आयोजना तथा कार्यक्रम समावेश गरिएको छ ।

बार्षिक बजेट तथा कार्यक्रम पुस्तिकामा समावेश गरिएका वार्षिक बजेट तथा कार्यक्रमहरु आगामी आर्थिक वर्षमा सञ्चालन गरिनेछन । यसले तुलसीपुर उपमहानगरपालिकाको विकासमा सरोकार राख्ने सबैलाई विकास कार्यक्रमको बारेमा निगरानी गर्न र उत्तरदायीत्व तथा पारदर्शिता प्रवर्द्धनमा योगदान पुग्ने छ । यस वार्षिक बजेट तथा कार्यक्रम तयार गर्न प्रत्यक्ष रुपमा संलग्न आर्थिक प्रशासन शाखा, योजना तथा बजेट शाखा र योजना तथा बजेट तर्जुमा समिति बजेट पारित गर्ने नगर सभा एवं कार्यान्वयन गर्ने नगरकार्यपालिका, कार्यालयका साथै कार्यक्रम कार्यान्वयनमा संलग्न सबै पक्षको सहयोगबाट बजेट तथा कार्यक्रम सफल कार्यान्वयन भई खुशी समृद्ध तुलसीपुर, हाम्रो तुलसीपुर राम्रो तुलसीपुर को लक्ष्य हासिल गर्न सघाउ पुग्ने विश्वास लिएको छ ।

योजना तथा बजेट शाखा
तुलसीपुर उप म.न.पा.

# विषय-सूची


१)	नगर प्रमुखले प्रस्तुत गर्नुभएको आ.व. ०७६/७७ को नीति तथा कार्यक्रम

२)	उप प्रमुखले स्तुत गर्नुभएको आ.व. ०७६/०७७ को विनियोजन बजेट वक्तव्य

३)	आ.व. २०७६।०७७ को बार्षिक बजेट तथा कार्यक्रम जिरो सिट विवरण ।

४)	उपमहानगरपालिका कार्यालयको चालु र संचालनरप्रशासनिक खर्च (अनुसूची-क)

५)	वडा कार्यालयहरुको चालु तथा विकास खर्च एकमुष्ठ (अनुसूची-१) ।

६)	वडा कार्यालयहरुको चालु तथा विकास खर्च वडागत (अनुसूची-१.१ देखि १.१९) ।

७)	बहुबर्षिय तथा क्रमागत रुपमा सम्झौता भई कार्य सम्पन्न वा बाँकी एवं प्रस्तावित भई सम्पन्न हुन नसकेका योजनाहरुको लागि बजेट व्यवस्था (अनुसूची-२)

८)	ठेक्का तथा उपभोक्ता समिति बाट संचालित तर म्याद थप भएका योजनाहरुको लागि बजेट व्यवस्था (अनुसूची-३)

८)	समपुरकका लागि सिफारिस भएका योजनाहरु एकमुष्ठ (अनुसूची-४)

१०)	सरसफाई व्यवस्थापन शाखा र वातावरण तथा हरियाली व्यवस्थापन शाखा (अनुसूची-५)

११)	विषयगत शाखा तथा महाशाखाहरुका लागि बजेट व्यवस्था एकमुष्ठ (अनुसूची-६)

१२)	शेयर, अनुदान तथा साझेदारी कार्यक्रमहरुको लागि बजेट व्यवस्था (अनुसूची-७)

१३)	नगर स्तरिय योजना तथा कार्यक्रमहरु (अनुसूची-८)

१४)	विषयगत महाशाखा । शाखाहरुको योजना । कार्यक्रमहरु (अनुसूची-६.१ देखि ६.१७)

१५)	आ.व. २०७६/०७७ मा वडा स्तरबाट श्रोत अभावले सम्पन्न गर्न नसकिएकाले नगर/प्रदेश र संघमा बजेट माग भएका योजना । आयोजनाहरु (परियोजना बैंक)

१६)	तुलसीपुर उपमहानगर नगर प्रमुख, उपप्रमुख, कार्यपालिका सदस्य, वडा अध्यक्षहरुको नाम सम्पर्क नं. विवरण ।

१७)	तुलसीपुर उपमहानगरपालिकाको नक्सा ।

१८)	टोल फ्रि नम्वर ।